# 多言語情報コーナー　（令和６年　６月号）

## (१) कन्भिनियन्स स्टोरहरुबाट कर प्रमाणपत्रहरु जारीगर्ने सेवा बारे जानकारी !

कन्भिनियन्स स्टोरहरुमा स्थापित मल्टी कपि मेशिनबाट "स्योतोकु स्योउमेइस्यो (आय प्रमाणपत्र)", "ज्युउमिन्जेई केत्तेई स्योउमेइस्यो (आवासीय कर निर्धारण प्रमाणपत्र)" "नोउजेइ स्योउमेइस्यो (कर भुक्तानी प्रमाणपत्र)", "काजेई/हिकाजेई स्योउमेइस्यो (कर तथा कर छूटको प्रमाणपत्र)" प्राप्तगर्न (निकाल्न) सकिन्छ।
यस्तो सुविधाजनक रूपमा प्रमाणपत्र जारी गरिने सेवाको उपयोग गर्नुहोस्।
यो सेवा प्रयोग गर्न, तपाईंलाई माई-नम्बर कार्ड चाहिन्छ।
थप रूपमा, यो कार्ड प्राप्त गरेको बर्षको जनवरी १ तारीख़मा तोचिगी शहरमा ठेगाना भएका र प्रमाणपत्रको लागि आवेदन गरेको मितिमा तोचिगी शहरमा ठेगाना भएकाहरूलाई मात्र जारीगर्न सम्भव छ। उदाहरणका लागि, यदि सन् २०२३ सालको प्रमाणपत्रको लागि आवेदन गर्नेहो भने, सन् २०२३ सालको जनवरी १ तारीख़मा तोचिगी शहरमा ठेगाना भएको हुनु पर्नेछ।
प्रमाणपत्र जारीगर्ने बर्ष, भखरैको र विगत दुई बर्ष सम्मको लागि सम्भव छ।
सन् २०२३ सालमा चाँही सन् २०२२ साल भरीको आय, सन् २०२२ सालमा चाँही सन् २०२१ साल भरीको आय र सन् २०२१ सालमा चाँही सन् २०२० साल भरीको आय लाई लिईन्छ।
सन् २०२४ साल (सन् २०२३ साल भरीको आय) को कर प्रमाणपत्रहरू, सन् २०२४ साल को जून महिनाको मध्यतिरबाट जारी गरिन्छ।
यस्ता प्रमाणपत्रहरुको लागि प्रयोग गर्न सकिने कन्भिनियन्स स्टोरहरु चाँही, सेबुन-इलेबुन, लो-शन, फ्यामिली मार्ट, मिनी स्टप, ईओन आदि हुन्।
प्रमाणपत्रहरू बिहान ६:३० बजे देखि ११ बजे सम्म जारी गर्न सकिन्छ।
जारी शुल्क शियाकुस्योको काउन्टरमा ३०० येन हो, तर यी सुविधा स्टोरमा २०० येन भएकोले १०० येनको बचत हुन्छ।
कर भुक्तानी प्रमाणपत्र, वित्तीय संस्थामा कर भुक्तानी गरेपछि प्रमाणपत्रमा प्रतिबिम्बित हुन दुई हप्तादेखि एक महिना जति लाग्न
सक्छ। यदि भुक्तानी पछि तुरुन्तै भुक्तान गरिएको रकमको लागि कर भुक्तानी प्रमाणपत्र आवश्यक छ भने, कृपया आफ्नो साथमा कर भुक्तानी गरेको रसिद लिएर शियाकुस्यो वा सोउगोउ शिस्योको काउन्टरमा अनुरोध गर्नुहोस्।

## (२) नगर र प्रान्तीय करमा निश्चित रकम कर कटौती कार्यान्वयन बारे जानकारी !

जापानमा, हालका केहि बर्षहरूमा मूल्य वृद्धि जारी छ । कमजोर येन र उच्च मूल्यका कारण केही व्यक्तिहरूले आर्थिक रूपमा संघर्ष गरेको महसुस गर्न सक्छन् । सामान्यतया, जब मूल्य बढ्छ, हाम्रो ज्याला पनि बढ्ने गर्दछ, तर अहिलेको ज्याला बृद्धिले मूल्य बृद्धि संग तालमेल नखाएको अवस्था छ ।
तसर्थ, सन् २०२४ मा आयकर र आवासीय कर कम गर्न "निश्चित रकम कर कटौती" लागू गरिनेछ ।
सन् २०२४ जुन महिना देखि, करदाताहरू र तिनीहरूका आश्रितहरूका लागि आयकरको लागि ३०,००० येन र निवास करको लागि १०,००० येनले कुल ४०,००० येन प्रति व्यक्तिको दरले कर घटाइनेछ । उदाहरणका लागि, यदि त्यहाँ करदाता र तीन आश्रितहरू छन् भने, कुल कर १६०,००० येनले घटाइनेछ ।

साथै, तिरेको आयकर वा निवासी करको रकम थोरै भएर कर कटौती पूरा हुन नसकेमा, अनुदान प्रदान गरिनेछ ।

निश्चित रकम कर कटौती ती व्यक्तिहरूलाई मात्र लागू हुन्छ जसको कुल आम्दानी १८,०५०,००० येन भन्दा कम छ, र जसका पति/पत्नी वा आश्रितहरू, जापानमा बसोबास गरेका छन् । विदेशमा बस्ने आश्रित आफन्तहरू कर कटौतीको लागि योग्य हुने
छैनन् ।

कर कटौती, नगर र प्रान्तीय करको आय को भाग बाट कटौती गरिनेछ । कृपया नगर कर/प्रान्तीय कर भुक्तानी सूचना र कर रकम निर्धारण सूचनामा उल्लेख गरिने हुनाले, जाँच गर्नुहोस् ।

## (३) सन् २०२४ सालको स्वास्थ्य परीक्षणको जानकारी पठाईएको बारे जानकारी !

तोचिगी शहरमा, मे महिनाको मध्य तिर घरमूलीको नाममा “सन् २०२४ सालको स्वास्थ्य परीक्षणको जानकारी” राखेर एउटा नीलो खाम पठाइएको थियो।
खाममा २० वर्ष भन्दा माथिका प्रत्येक व्यक्तिको लागि एउटा "केन्सिन पासपोर्ट" र प्रति परिवारको लागि एउटा "केन्सिन गाइडबुक" समावेश छ।
“केन्सिन पासपोर्ट” भनेको, एक पुस्तिका हो जसमा २० वर्षभन्दा माथिका प्रत्येक व्यक्तिहरूका लागि, चिकित्सा परीक्षण र परीक्षण टिकटहरूको जानकारी समावेश हुन्छ।
“केन्सिन गाइडबुक” भनेको, अर्को एउटा पुस्तिका हो जसमा परिवारका सबै सदस्यहरूका लागि साझा हुने चिकित्सा परीक्षणहरूको बारेमा जानकारी संकलित हुन्छ। साथै सामूहिक चिकित्सा परीक्षणहरूको लागि प्रत्येक स्थानको तालिका, समूह र व्यक्तिगत परीक्षणहरूको लागि परीक्षण वस्तुहरू र निरीक्षणको विवरणहरु लेखिएका छन्।

अग्रिम आरक्षण दर्ता, यहि में महिनाको २८ तारीख़ देखि शुरू गरिने योजना छ।

आफ़्नो स्वास्थ्यको सुरक्षाको लागि, बर्षमा एकपटक स्वास्थ्य जाँच अवश्य गराऔं।